# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**पुजा, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

**प.सं. २०७८/०७९**

**च.नं.**

**मिति : २०७८/१०/२२**

गएराती नौबहिनी गाउँपालिका वडा नं-६,लुङबाट गौमुखी गाउँपालिका वडा नं-६ लिवाङमा जन्ति लिएर फर्कने क्रममा ग.१.ज. ५०९२ नं को जीप गौमुखी गाउँपालिका वडा नं-६ लिबाङ, ओखरपाटा भन्ने स्थानमा दुर्घटना हुँदा गौमुखी गाउँपालिका वडा नं-६लिवाङ् निवासी बसन्त खड्का,उहाँकी श्रीमती बसन्ती खड्का छोरी एलीसा खड्का,सवारी धनी बल बहादुर बुढा मगर,केशरी खड्का,खिम बहादुर खत्री,नन्दी खड्का र नौबहिनी गाउँपालिका-६की बिपना जि.सी.को मृत्यु भएको खबरले हामीलाई स्तब्ध तुल्याएको छ।साथै सोही घटनामा घाईते हुनुभएका नौबहिनी गाउँपालिका-६ किमिचौर निवासी रीमा जि.सी(बेहुली),साबित्रा जि.सी, गौमुखी गाउँपालिका वडा नं ६ निवासी दान बहादुर खड्का(बेहुला),नरेश खड्का र हरी बुढा मगरको सिघ्र स्वास्थलाभको कामना गर्दै निजहरुको थप उपचारको लागी जिल्ला अस्पताल प्यूठानबाट बुटवल रीफर गरीएको जानकारी गराउन चाहान्छौं । घाईतेहरुको यथोचित उपचारमा घ्यान पुर्याउनुहुन सम्बन्धित निकायलाई आग्रह गर्दछौं। यस घटनामा मृत्यु हुनुभएका सम्पुर्ण मृतकहरु प्रति हार्दिक श्रदान्जली प्रकट गर्दै मृतक परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्ती होस भन्ने कामना गर्दछौं। साथै राहत स्वरुप मृतक परिवारलाई प्रतिव्याक्ती रु ५०,०००/- उपलब्ध गराउने प्रतिबद्ता सहित घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छौं ।

बिष्णु कुमार गिरी
अध्यक्ष